नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग
आ. व. २०८०/८१

मितिः २०८०/०५/१२

**रिसर्च ईन्टर्न (अनुसन्धान सहायक) का लागि आवेदन आह्वान सम्बन्धी सूचना।**

वनस्पति विभाग अन्तर्गतको नेपालका वनस्पतिहरुमा रहेका रासायनिक अध्ययनहरुको डाटावेससहितको Portal तयार गर्ने कार्यको लागि चार (४) जना रिसर्च ईन्टर्न (अनुसन्धान सहायक) आवश्यक भएकोले रसायनशास्त्र विषयमा स्नातकोत्तर तहमा organic chemistry लिई अन्तिम सेमेष्टरमा अध्ययरत वा हालसालै अध्ययन सम्पन्न गरेका योग्य उम्मेदवारहरुले सूचना प्रकाशन भएको मितिबाट सात (७) दिनभित्र कार्यालय समयमा उपस्थित भई वा ईमेल मार्फत् तपसिलका कागजातसहित वनस्पति विभाग, थापाथलीमा तोकिएको ढाँचामा दरखास्त पेश गर्नुहुन यो सूचना सार्वजनिक गरिएको छ।

**आवश्यक कागजातहरुः**

- बायोडाटा- १ प्रति
- नागरिकताको प्रमाणित प्रतिलिपी- १ प्रति
- पासपोर्ट साईजको फोटो- १ प्रति
- न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी- १ प्रति

**ईन्टर्नसिपको अवधि :** १७५ कार्यदिनको लागि

**छनौट विधि :** शैक्षिक योग्यता, कार्य अनुभवको मूल्याङ्कन तथा अन्तर्वाता।

आवेदन फारमको लागि वनस्पति विभाग, थापाथलीको वेबसाईट https://dpr.gov.np/ हेर्नुहोला साथै थप जानकारीका लागि वनस्पति विभाग, थापाथलीमा सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर :** ०१-५३६८२४६

**ईमेल ठेगाना :** info@dpr.gov.np

**पुनश्चः** सबै कागजातहरु ईमेलमार्फत् पेश गर्दा pdf फर्म्याटमा एउटै फाईलमा पेश गर्नुपर्नेछ। रित नपुगेका निवेदनहरु माथि कुनै कारवाही नहुने कुरा जानकारी गराईन्छ।